लोक सेवा आयोग

अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्र अनंकित प्रथम श्रेणी,
नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा
मिति: २०८२/१/१३

समय: २ घण्टा ३० मिनेट **पत्र: द्वितीय** **पूर्णाङ्क: १००**

विषय: समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

(Contemporary Studies and Public Service Management)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

खण्ड (Section) – A — 35 Marks

१. नेपालको हिमाली क्षेत्रको विशेषताहरू लेख्नुहोस् । **5**
Write down the features of the himalayan region of Nepal.

२. नेपालमा पर्यटन उद्योगको विद्यमान अवस्था उल्लेख गर्नुहोस् । **5**
Mention the current status of tourism industry in Nepal.

३. व्यापार घाटा भन्नाले के बुझिन्छ ? नेपालले कसरी व्यापार घाटा कम गर्न सक्छ ? लेख्नुहोस् । **5**
What is meant by trade deficit? How can Nepal reduce the trade deficit? Write down.

४. जनसांख्यिक लाभ भनेको के हो ? नेपालको सन्दर्भमा यसलाई कसरी उपयोग गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् । **5**
What is demographic dividend? How can this be utilized in the context of Nepal? Mention.

५. सामाजिक सञ्जालको प्रयोग दिन प्रतिदिन तीव्र रूपमा बढ्दै गएको सन्दर्भमा यसका फाइदा तथा चुनौतीहरू स्पष्ट पार्नुहोस् । **5**
In the context of rapidly increasing the use of social media day by day, clarify its advantages and challenges.

६. वातावरण प्रदूषण भन्नाले के बुझिन्छ ? नेपालमा वातावरण प्रदूषणका कारणहरू के के हुन् ? वातावरण प्रदूषण नियन्त्रण गर्न के कस्ता कदमहरू चाल्नुपर्ला ? वर्णन गर्नुहोस् । **10**
What is meant by environment pollution? What are the causes of environment pollution in Nepal? What steps should be taken to control environment pollution? Describe.

खण्ड (Section) – B — 35 Marks

७. नेपालको संविधानमा उल्लेख गरिएको अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति लेख्नुहोस् । **5**
Write down the policies relating to international relations mentioned in the Constitution of Nepal.

८. समावेशीकरण भनेको के हो ? समावेशीकरणको सकारात्मक पक्षहरूमाथि प्रकाश पार्नुहोस् । **2+3=5**
What is inclusion? Highlight on the positive aspects of inclusion.

९. मानव अधिकारलाई परिभाषित गर्नुहोस् । नेपालको सन्दर्भमा विकास र मानव अधिकारबीचको सम्बन्ध केलाउनुहोस् । **5**

Define human rights. Analyze the relationship between human rights and development in the context of Nepal.

१०. नेपालमा सूचनाको हक सुनिश्चित गर्न गरिएका कानूनी तथा नीतिगत व्यवस्थाहरूबारे छोटकरीमा उल्लेख गर्नुहोस् । **5**

११. "विद्युतीय शासन सुशासनको एउटा महत्त्वपूर्ण माध्यम हो ।" पुष्टि गर्नुहोस् । **5**

"E-governance is a significant means of good governance." Justify.

१२. नेपालमा किन अझैसम्म भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन ? भ्रष्टाचार नियन्त्रण गर्न के-कस्ता प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्छ ? उपयुक्त उदाहरणसहित स्पष्ट पार्नुहोस् । **5+5=10**

Why has corruption not been controlled in Nepal yet? What effective measures should be adopted to control the corruption? Clarify with suitable examples.

खण्ड (Section) – C **30 Marks**

१३. संगठनमा सञ्चारको भूमिका उल्लेख गर्दै प्रभावकारी सञ्चारका लागि विभिन्न विधिहरू वर्णन गर्नुहोस् । **5**

Mentioning the role of communication in an organization, describe the various methods for effective communication.

१४. गैरकर राजस्वलाई परिभाषित गर्नुहोस् । नेपालमा यसका श्रोतहरू उदाहरणसहित स्पष्ट रूपमा बयान गर्नुहोस् । **5**

Define non-tax revenue. Explain clearly its sources with examples in Nepal.

१५. बजेट चक्रका प्रत्येक चरणहरू वर्णन गर्नुहोस् । **5**

Describe each and every steps of Budget cycle.

१६. नेपालको निजामती सेवामा कर्मचारीको वृत्ति विकासका लागि गरिएका व्यवस्थाहरू उल्लेख गर्नुहोस् । **5**

Mention the arrangements made for the career development of employees in the civil service of Nepal.

१७. सार्वजनिक सेवा प्रवाह गर्ने माध्यमहरू उदाहरणसहित उल्लेख गर्नुहोस् । सार्वजनिक सेवा प्रवाहको सन्दर्भमा सेवा प्रदायक र सेवाग्राहीको भूमिका कस्तो हुनुपर्छ ? वर्णन गर्नुहोस् । **5+5=10**

Mention the mediums of public service delivery with examples. In the context of public service delivery, what should be the roles of service providers and service recipients? Describe.

«« समाप्त »»

Re-typed for readability by Loksewa Pathsala from the question paper of the Public Service Commission (Lok Sewa Aayog), Nepal. If there is any difference, the original paper published by the Commission prevails.
Please share the page link loksewapathsala.com, not this file.